आज मिति २०७८ जेठ ३ गते, सोमबार दिनको १:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. प्रमुख प्रशासकीय अधिकृत श्री रामलाल श्रेष्ठ

**<u>विषयहरु :</u>**

१. अक्सिजन प्लान्ट खरीदबारे ।

२. जनप्रतिनिधिहरुको ४ वर्ष कार्यक्रमबारे ।

३. विविध ।

**<u>निर्णयहरु :-</u>**

१. भक्तपुर नगरपालिकाद्वारा संचालित जनस्वास्थ्य केन्द्रले विगत ४ दशकदेखि विभिन्न स्वास्थ्य सेवा प्रदान गर्दै आएकोमा हाल भक्तपुर नगरपालिकाबाट च्याम्हासिंहमा ओ.पि.डि, एमर्जेन्सी सर्भिस, प्रयोगशाला, एक्सरेलगायतका सेवा भगवती जनस्वास्थ्य केन्द्रबाट ओ.पि.डि सेवा र भ.न.पा २, ब्यासीमा शहरी स्वास्थ्य केन्द्रबाट स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ ।

हाल विभिन्न भेरियन्टसहित विश्वभर फैलिएको दोश्रो लहर महामारी कोभिड १९ का कारण विश्वमानव समुदाय आक्रान्त छ । छिमेकी मुलुक भारतबाट शुरुमा सीमा जोडिएका जिल्लाहरुमा देखिएको कोभिड हाल नेपालका लगभग ७७ वटै जिल्लामा फैलिएर महामारीको रुप लिएको छ । अझ मुख्यतया काठमाडौं उपत्यकालगायतका शहरी क्षेत्रमा यो रोग अनियन्त्रित ढंगले बढिरहेको छ । नेपाल सरकारले कोभिड १९ रोग रोकथाम र नियन्त्रणको लागि स्थानीय तहहरुलाई संक्रमितहरुको विवरण तयार गर्ने संक्रमितहरुलाई घर घरमै आइसोलेट गर्ने, आवश्यक स्वास्थ्य सामाग्री उपलब्ध गराउने र स्वास्थ्य परामर्श प्रदान गर्ने तथा आइसोलेशन केन्द्र HDU संचालन गर्ने जिम्मा दिइएको छ । सोही अनुसार भक्तपुर नगरपालिकाले निर्माणाधीन ख्वप अस्पताल अन्तर्गत भक्तपुर नगरपालिका ब्रम्हायणीस्थित बहुउद्देश्यीय भवनमा कोभिड १९ को पहिलो लहरको समय २०७७ बैशाखमा क्वारेन्टाइन र त्यसपछि आइसोलेशन केन्द्र संचालन गरेको थियो । हाल कोभिडको नयाँ भेरियन्टसहितको दोश्रो लहर शुरु भएपछि भक्तपुर नगरपालिकाले उक्त बहुउद्देश्यीय भवनमा २५ शैयाको HDU र ५० शैयाको आइसोलेशन केन्द्र संचालन गरिरहेको छ ।

नयाँ भेरियन्टसहितको कोभिड १९ रोग अनियन्त्रित ढंगले तीब्र गतिमा बढिरहेको वर्तमान अवस्थामा सरकारी एवम् निजी अस्पतालहरु सबै संक्रमितहरुबाट भरिसकेको र स्थानीय तहहरुले संचालन गरिराखेको आइसोलेशन र HDU केन्द्रहरुले पनि धान्न नसक्ने अवस्था छ । त्यस्तै, घर घरमै आइसोलेट भएर बसेका संक्रमित बिरामीहरुको संख्या पनि अनियन्त्रित ढंगले बढिरहेको छ । अझ यसमा अहिले देखिएका बिरामीहरुमा श्वास प्रश्वाससम्बन्धी समस्या देखिएका बिरामीहरु तीब्र दरमा बढ्नाले अस्पताल, आइसोलेशन केन्द्र र HDU केन्द्रहरुले विरामीहरुलाई पर्याप्त अक्सिजन उपलब्ध गर्न सकिएको छैन । यस्तो जटिल स्वास्थ्य संकटलाई मनन गर्दै विश्व स्वास्थ्य संगठनले समेत नेपालमा

तत्काल कोभिड १९ रोग रोकथाम र नियन्त्रणको लागि खोपलगायत आवश्यक स्वास्थ्य सामाग्री उपलब्ध गराउन संयुक्त राष्ट्र संघलाई आव्हान गरेको छ ।

कोभिड १९ रोगबाट संक्रमित भई अक्सिजन प्रदान गरी उपचार गर्नुपर्ने विरामीहरु पर्याप्त मात्रामा अक्सिजनको अभावले दिनानुदिन अस्पताल, आइसोलेशन केन्द्र र HDU केन्द्रहरुमा मृत्यु दर बढिरहेको कहालीलाग्दो अवस्था छ । कोभिड १९ बाट संक्रमित श्वास प्रश्वाससम्बन्धी समस्या देखिएका विरामीहरुको लागि भनी विदेशमा रहेका नेपालीहरुले समेत आर्थिक सहयोग संकलन गरी अक्सिजन सिलिण्डरहरु नेपाल पठाएको छ । साथै, मित्रराष्ट्र चीनबाट पनि हजारौंको संख्यामा अक्सिजन सिलिन्डरहरु र अन्य स्वास्थ्य सामाग्रीहरु नेपाल आइरहेको छ । यस्तो विषम् एवम् जटिल अवस्थालाई मध्यनजर गर्दै सबै अस्पतालहरुले आफ्नै अक्सिजन प्लान्टहरु व्यवस्था गर्न शुरु गरिसकेको छ भने नेपाल सरकारले समेत अस्पतालहरुलाई आफ्नै अक्सिजन प्लान्ट व्यवस्था गर्न सूचित गरिसकेको छ ।

सार्वजनिक खरिद ऐन २०६३ को परिच्छेद १० को दफा ६६ अनुसार यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिए तापनि विशेष परिस्थिति उत्पन्न भई तत्काल खरीद नगर्दा सार्वजनिक निकायलाई थप हानी नोक्सानी हुने अवस्था आइपरेमा सार्वजनिक निकायले तत्काल खरीद गर्न वा गराउन सक्नेछ भनी उल्लेख भएको र सार्वजनिक खरिद नियमावली २०६४ को परिच्छेद १५ नियम १४५ मा विशेष परिस्थितिमा खरिद गर्न सक्ने व्यवस्थाको उपनियम १ मा ऐनको दफा ६६ वमोजिम खरीद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, सर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयारी गरी आकस्मिक परिस्थितिको सामाना गर्न आवश्यक परिमाण र समायावधिको लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवाप्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरीद गर्नुपर्ने छ भन्ने उल्लेख भए अनुसार यस नगरपालिकाद्वारा संचालित ख्वप अस्पताल कोभिड युनिटको आइसोलेशन केन्द्र र HDU केन्द्रका कोभिड संक्रमित विरामीहरुको उपचारको लागि तत्काल अक्सिजन प्लान्ट राख्न अत्यन्त जरुरी भएको अन्यथा कोभिड १९ संक्रमित विरामीहरु दिनदिनै अक्सिजनको अभावमा विभिन्न अस्पतालमा रिफर गर्नुपर्ने र अस्पतालहरुमा शैयाको अभावमा विरामीहरु मृत्यु हुने विवश भएर हेर्नुपर्ने स्वास्थ्य संकट आइपरेको र खरिदका अन्य नियमित विधिहरु अवलम्बन गर्दा ज्यादै विलम्ब भई थप मानवीय क्षति हुने भएको र समयमा प्लान्ट जडान हुने समयको यकिन हुने नदेखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ को उपनियम (२) को अवस्था विद्यमान रहेकोले यस विशेष परिस्थितिलाई मध्यनजर गरी उक्त अक्सिजन प्लान्ट सार्वजनिक खरीद ऐन २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ वमोजिम खरिद गर्न सिफारिसको लागि भक्तपुर नगरपालिका कार्यपालिकाको बैठकमा अनुरोध गर्ने भनी ख्वप अस्पताल भवन निर्माण समितिबाट उक्त निर्माण समितिको निर्णय सिफारिससहितको पत्र आजको कार्यपालिका बैठकमा पेश भई छलफल हुंदा अक्सिजनको

अभावमा विरामीहरुको अकालमा मृत्यु हुने विवशताले स्वास्थ्य संकट आइपरेको र खरिदका अन्य नियमति विधिहरु अवलम्बन गर्दा ज्यादै विलम्ब भै थप मानवीय क्षति भइरहने भएको र समयमा अक्सिजन प्लान्ट जडान हुने समयको यकिन सुश्चितता हुने नदेखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ को उप नियम २ को अवस्था विद्यमान कायम रहेबाट यस विशेष परिस्थितिलाई सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम यस नगरपालिकाबाट उक्त आयोजनालाई चालु आ.व. २०७७।०७८ को विनियोजित नियमित बजेटबाट खर्च व्यहोर्ने गरी लागत अनुमान र स्पेशीफिकेशनको आधारमा अक्सिजन प्लान्ट खरिद गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

२. निर्णय नं.१ बमोजिम अक्सिजन प्लान्ट खरिद गर्न आपूर्तिकर्ता एवं सेवाप्रदायक कम्पनीसँग वार्ता गरी आवश्यक प्रक्रिया पुर्‍याई उक्त अक्सिजन प्लान्ट खरिद गर्न प्रक्रिया अगाडि बढाउन यस नगरपालिकाको निर्माण समितिका संयोजक श्री उकेश कवांको संयोजकत्वमा निम्न अनुसारको ७ सदस्यीय वार्ता समिति गठन गरी जिम्मेवारी दिने गर्ने निर्णय गरियो :–

१) संयोजक : श्री उकेश कवां, वडाअध्यक्ष भ.न.पा. ७
२) सदस्य : श्री महेन्द्र खायमली, वडाअध्यक्ष भ.न.पा ८
३) सदस्यः डा. रत्न सुन्दर लासिवा, ईन्चार्ज, जनस्वास्थ्य केन्द्र, भक्तपुर
४) सदस्यः श्री सोनु श्रेष्ठ, बायोमेडिकल
५) सदस्यःश्री रामसुन्दर सुजखु, लेखा प्रमुख, भ.न.पा
६) सदस्यःश्री रोशना न्याईच्याई, जिन्सी प्रमुख, भ.न.पा
७) सदस्यःश्री विजयराम कोजु, आयोजना प्रमुख, ख्वप अस्पताल भवन निर्माण आयोजना

२. यस नगरपालिकामा जनप्रतिनिधिहरु बहाल भएको चार वर्ष पुगेको अवसरमा जनप्रतिनिधिहरुको ४ वर्ष कार्यक्रम जुम मार्फत गर्ने निर्णय गरियो ।